प्रदेश उद्धार

# प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५

कर्णाली प्रदेशमा हुन सक्ने प्राकृतिक र गैरप्राकृतिक विपदबाट प्रभावित नागरिकहरुलाई उद्धार तथा राहत उपलव्ध गराई दैनिक जनजीवन सहज वनाउन वाञ्छनीय भएकोले प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका जारी गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ;

(क) "विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, वाढी, पहिरो तथा भुस्खलन, डुवान, खडेरी, आंधी, हुरीवतास, शीतलहर, चटयांग, भुकम्प, ज्वालाभुखी विष्फोट, आगलागी, डडेलो वा यस्तै प्रकृतिका अन्य प्राकृतिक र गैरप्राकृतिक विपद्लाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश उद्धार तथा राहत कोष सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सचिव" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश विपद् व्यवस्थापन कार्यान्वयन समिति" भन्नाले प्रदेश विपद् व्यवस्थापन समितिको निर्णय अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यूको संयोजकत्वमा गठित समितिलाई सम्झनु पर्छ ।

(च) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

**३. कोषको स्थापना :** (१) उद्धार तथा राहतका लागि प्रदेशस्तरमा एउटा छुट्टै "प्रदेश उद्धार तथा राहत कोष" रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) संघीय सरकार र स्थानीय सरकारबाट प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था वा दातृ निकाय वा बिदेशी नागरिकबाट प्राप्त रकम,

(घ) स्वदेशी संघ संस्था तथा नागरिकबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रचलित कानुन बमोजिम सम्वन्धित निकायवाट पूर्वस्वीकृति लिनु पर्नेछ ।

**४.कोषको प्रयोगः** कोषमा जम्मा भएको रकम देहाय बमोजिम खर्च हुनेछ :

(क) विपद्का घटनामा परी कुनै व्यक्तिको मृत्यु भएमा राहत स्वरुप प्रति मृतक रु. तीस हजारका दरले मृतकको परिवारलाई सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत सहयोग गर्न ।

(ख) विपदबाट घर पुर्ण नष्ट भएका परिवारलाई तत्काल गुजाराका लागि प्रति परिवार रु. बिस हजार सम्म सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत सहयोग गर्न ।

(ग) राहत तथा उद्धार कार्य सञ्चालन गर्नु पर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रु पांच हजार सम्म प्रमुख जिल्ला अधिकारीले खर्च गर्न ।

(घ) विपद्का घटनामा परी घर पुर्ण नष्ट भई अस्थायी आश्रयस्थलमा बसेका परिवारलाई खाद्य वा गैरखाद्य सामग्रीको अभाव भई जीवनयापनमा समस्या परेको अवस्थामा प्रदेश विपद् व्यवस्थापन कार्यान्वयन समितिको निर्णयानुसार मन्त्रालयले प्रति परिवार रु. दश हजार सम्मको सामग्री उपलव्ध गराउन ।

(ङ) प्राकृतिक विपद्का घटनामा परी तत्काल उद्धार गर्नु परेको अवस्थामा प्रदेश विपद् व्यबस्थापन कार्यान्वयन समितिको निर्णयानुसार उद्धार कार्यका लागी प्रयोग हुने सामग्रीको खरिद र ढुवानी तथा अन्य खर्च ।

(च) खण्ड (क), (ख) र (ग) बमोजिम हुने खर्च मापदण्ड अनुरुप सम्बन्धितलाई सकभर छिटो भुक्तानी गरी जिल्ला विपद् ब्यवस्थापन समितिबाट समर्थन गराई पठाउनु पर्ने छ ।

(छ) खण्ड (ङ) बमोजिम खर्च भएको रकम र दफा ७ बमोजिम निकासा हुने रकम प्रदेश बिपद् ब्यवस्थानप समितिबाट समर्थन गराउनु पर्ने छ ।

**५.कोषको रकम प्रयोग नहुने** : देहायको प्रयोजनको लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

(क) सरकारी तथा गैरसरकारी संघसंथाका कर्मचारीलाई पारिश्रमिक, तलव, भत्ता, भ्रमण खर्च वा सुविधा उपलब्ध गराउन,

(ख) संस्थागत आर्थिक सहयोग प्रदान गर्न,

(ग) प्रशासनिक कार्यसंचालन गर्न ।

**६. कोषको व्यवस्थापन तथा संचालनः** (१) कोषको रकम सरकारी कारोबार गर्ने बैकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता मन्त्रालयको सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**७. रकम उपलव्ध गराउने** : प्रदेश उद्धार तथा राहत कोषबाट खर्च हुने रकमका लागि प्रदेश विपद् व्यबस्थापन कार्यान्वयन समितिको निर्णयानुसार प्रदेश अन्तर्गतका जिल्लाका प्रत्येक प्रमुख जिल्ला अधिकारीको नियन्त्रणमा रहने गरी रकमको व्यबस्था गर्न सकिने छ।

**८. विवरण उपलब्ध गराउने** : दफा ४ को (क), (ख) र (ग) बमोजिमको रकम जिल्ला प्रशासन कार्यालय मार्फत उपलव्ध भएको रकम खर्च भएपछि सो को विवरण प्रदेश विपद् व्यवस्थापन कार्यान्वयन समितिमा पठाउनु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

प्रमुख सचिव

**९.लेखा तथा लेखापरीक्षण** : (१) कोषको आम्दानी तथा खर्च प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुसार हुनेछ ।

(२) कोषको आन्तरिक लेखा परिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

**१०.प्राथमिकता निर्धारण गर्ने** : विपदमा परेका पिड्डितहरुलाई राहत प्रदान गर्दा नाबालक, सुत्केरी, वृद्ध, अपांग, विरामीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

**११. अनुगमन गर्नु पर्ने** : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयले यस निर्देशिका बमोजिम काम भए नभएको अनुगमन गर्नेछ ।

**१२. वाधा अडकाउ फुकाउने** : यस कोषको प्रयोग तथा संचालनमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश विपद् व्यवस्थापन समितिको सिफारिसमा प्रदेश मन्त्रिपरिषदमा निहित हुनेछ ।

कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव